# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, भदौ १२ गते, २०८२ साल (सङ्ख्या ०८

भाग २

**ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको सूचना**

## गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८२

गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "प्राविधिक समिति" भन्नाले नियम ७ को उपनियम (२) बमोजिम गठित समिति सम्झनु पर्छ।

(ग) "सुरक्षित पानी" भन्नाले मानव तथा पशु स्वास्थ्यलाई हानिकारक नभएको नेपाल सरकार वा प्रदेश सरकारले तोकेको गुणस्तर बमोजिमको स्वच्छ खानेपानी सम्झनु पर्छ।

## परिच्छेद - २

## खानेपानी र फोहोर व्यवस्थापनको अधिकार तथा दायित्व

३. **प्रदेश सरकारको अधिकार तथा दायित्वः** (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम प्रदेश सरकारको अधिकार तथा दायित्व देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापन आयोजनाको निर्माण तथा सञ्चालन सम्बन्धी आयोजना,

(ख) सङ्घीय सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापन सम्बन्धी आयोजना,

(ग) प्रदेश सरकारबाट स्वयं आफैंले निर्माण गर्ने र निजी तथा गैरसरकारी क्षेत्रसँग प्रदेश सरकारको साझेदारीमा सञ्चालन हुने खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापन सम्बन्धी आयोजना।

(२) प्रदेश सरकारको खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-

(क) प्रचलित सङ्घीय कानूनले तोके बमोजिमको लागत तथा जनसङ्ख्याको कार्यक्षेत्र भित्र पर्ने खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन आयोजना,

(ख) प्रदेश भित्रका एक वा एक भन्दा बढी स्थानीय तहमा सेवा क्षेत्र पर्ने खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन आयोजना,

(ग) दुई सय पचास मिटर देखि एक हजार मिटर सम्म सुरूङ भएका खानेपानी तथा सरसफाइ आयोजना,

(घ) एक सय मिलिमिटर देखि पाँच सय मिलिमिटर ब्यासको पाईप लाईन हुने थोक वितरण प्रणालीमा आधारित खानेपानी आयोजना,

(ङ) पन्ध्र देखि दुई सय किलोमिटर सम्मको प्रसारण तथा वितरण पाईप लाईन भएको खानेपानी आयोजना,

(च) पाँच लिटर प्रति सेकेन्ड भन्दा बढी परिमाण र एक सय मिटर भन्दा बढी ठाडो दुरी भएको पम्पिङ्ग खानेपानी आयोजना,

(छ) पाँच लाख लिटर प्रति दिन देखि बीस लाख लिटर प्रति दिन क्षमताको ढल सङ्कलन तथा प्रशोधन आयोजना,

(ज) बाँधको उचाई दश मिटरसम्म भएको जलाशययुक्त खानेपानी आयोजना।

(३) प्रदेश सरकारको खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापन, सञ्चालन, मर्मत सम्भार सम्बन्धी कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-

(क) उपनियम (२) बमोजिम निर्माण भएका वा निर्माण सम्पन्न भई सञ्चालनमा रहेका आयोजनाको व्यवस्थापन तथा मर्मत सम्भारको मुख्य जिम्मेवारी सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त सेवा प्रदायकको हुनेछ,

(ख) प्राकृतिक विपत्ति वा प्रकोपका कारणले आयोजनाको तत्काल मर्मत सम्भार गरी सेवा सञ्चालन गर्न सम्बन्धित उपभोक्ता संस्थाको आर्थिक र प्राविधिक क्षमताले नसक्ने भएमा सम्बन्धित स्थानीय तहमा क्षतिको विवरण सहित आवश्यक मर्मत सम्भारको लागि सम्बन्धित उपभोक्ता संस्थाले अनुरोध गर्नु पर्नेछ। स्थानीय तहले सोको प्राविधिक पक्षको यथार्थ आँकलन गरी आफ्नो आर्थिक स्रोतले भ्याएसम्मको मर्मत सम्भार गरी सेवा पुनर्स्थापना गर्न सक्नेछ,

(ग) खण्ड (ख) बमोजिम स्थानीय तहको आर्थिक तथा प्राविधिक क्षमताले समेत सेवा पुनर्स्थापना गर्न नसकिने भएमा सम्बन्धित स्थानीय तहले जिल्लास्थित कार्यालयमा अनुरोध गर्न सक्नेछ,

(घ) अनुमतिपत्र प्राप्त सेवा प्रदायकले निर्माण, व्यवस्थापन तथा सञ्चालन गरेका आयोजनामा प्राकृतिक विपत्ति वा प्रकोपले क्षति भई सेवा अवरुद्द भएमा सेवाप्रदायकले तत्काल मर्मत सम्भार

गरी सेवा सुचारु गर्नु पर्नेछ,

(ङ) प्रदेश सरकारको कार्यक्षेत्र भित्र रहेका खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन आयोजनाको सञ्चालन तथा मर्मत सम्भार कार्य प्रदेश सरकारले निजी क्षेत्र, विकास साझेदार, गैर सरकारी संस्था लगायतको प्राविधिक तथा आर्थिक सहयोगमा गराउन सक्नेछ,

(च) खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन आयोजनाको सञ्चालनको क्रममा आइपर्ने विपद वा अन्य कारणले निम्त्याउने क्षतिको जोखिमलाई न्यूनीकरण गर्न सम्बन्धित उपभोक्ता संस्था वा सेवा प्रदायकले सम्पूर्ण प्रणालीको एकमुष्ट वा छुट्टा छुट्टै संरचनाको बिमा गर्न सक्नेछ ।

४. **स्थानीय तहको अधिकार तथा दायित्व:** (१) खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन आयोजनाको निर्माण तथा सञ्चालन सम्बन्धी स्थानीय तहको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) प्रचलित सङ्घीय कानूनले तोके बमोजिमको लागत तथा जनसङ्ख्याको कार्यक्षेत्र भित्र पर्ने खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन आयोजना,

(ख) फोहोरपानी व्यवस्थापन प्रणालीबाट निष्कासन हुने प्रशोधित ठोस तथा तरल पदार्थको व्यवस्थापन,

(ग) दुई सय पचास मिटर भन्दा कम सुरूङ भएको खानेपानी तथा सरसफाइ आयोजना,

(घ) पन्ध्र किलोमिटर भन्दा कम प्रसारण तथा वितरण पाईप लाईन भएको खानेपानी आयोजना,

(ङ) एक सय मिलिमिटर भन्दा कम ब्यासको पाईप लाईन भएको थोक वितरण प्रणालीमा आधारित खानेपानी आयोजना,

(च) पाँच लिटर प्रति सेकेन्ड भन्दा कम परिमाण र एक सय मिटर भन्दा कम ठाडो दुरी भएको पम्पिङ्ग खानेपानी आयोजना,

(छ) पाँच लाख लिटर प्रति दिन भन्दा कम क्षमताको ढल सङ्कलन तथा प्रशोधन आयोजना ।

(२) स्थानीय तहको खानेपानी, सरसफाइ तथा फोहोर व्यवस्थापन आयोजनाको सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी कार्य देहाय बमोजिमको हुनेछः-

(क) उपनियम १ बमोजिम निर्माण भएका वा निर्माण सम्पन्न भई सञ्चालनमा रहेका आयोजनाको व्यवस्थापन तथा मर्मत संम्भारको

मुख्य जिम्मेवारी सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त सेवा प्रदायकको हुनेछ।

(ख) प्राकृतिक विपत्ति वा प्रकोपका कारणले आयोजनाको तत्काल मर्मत सम्भार गरी सेवा सञ्चालन गर्न सम्बन्धित उपभोक्ता संस्थाको आर्थिक र प्राविधिक क्षमताले नसक्ने भएमा क्षतिको विवरण सहित आवश्यक मर्मत सम्भारको लागि सम्बन्धित उपभोक्ता संस्थाले अनुरोध गरेमा सम्बन्धित स्थानीय तहले मर्मत सम्भार गरी सेवा पुनर्स्थापना गर्न सक्नेछ।

**५.** **पानीको स्रोत तथा मुहानको संरक्षण सम्बन्धी व्यवस्थाः** (१) खानेपानी माग पूर्तिका लागि हाल उपयोगमा रहेको र अन्य सम्भाव्य हुने खानेपानीको मुहान तथा स्रोतहरु पहिचान गरी त्यस्तो मुहान तथा आसपासका क्षेत्र तथा ऐनको दफा (४) को उपदफा (क) बमोजिम तोकिएको क्षेत्रको संरक्षण र संवर्द्धन उपभोक्ता संस्था, सेवा प्रदायक, स्थानीय तह र प्रदेश सरकारले गर्नु पर्नेछ ।

(२) ऐनको दफा (४) उपदफा (ग) बमोजिम सबै प्रकारको पानीको स्रोतहरूलाई प्रदुषित हुन नदिन प्रदेश सरकारले मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(३) खानेपानीका परम्परागत स्रोतहरु जस्तैः ढुङ्गेधारा, कुवा, इनार आदिको संरक्षण र प्रवर्द्धनका लागि स्थानीय समुदाय र उपभोक्ताहरुले सहयोग माग गरेमा सम्बन्धित स्थानीय तह र सेवा प्रदायकले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) मन्त्रालय, कार्यालय र स्थानीय तहले खानेपानी आयोजनाको निर्माण, सञ्चालन एवम् मर्मत सम्भार गर्दा खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि देहाय बमोजिमका कार्य गर्नु पर्नेछः-

(क) खानेपानीको स्रोतको आसपास र त्यसलाई असर पर्ने गरी कुनै पनि प्रकारको फोहोरमैला, विषादी आदि बिसर्जन गर्न नदिने,

(ख) खानेपानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउन त्यसको आसपासका क्षेत्रमा वृक्षारोपण गर्ने,

(ग) खानेपानीको स्रोत वा मुहानलाई प्रतिकूल असर पर्ने गरी कुनै प्रकारको पूर्वाधार, स्थायी वा अस्थायी संरचनाहरुको निर्माण नगर्ने र गर्न नदिने,

(घ) वातावरण संरक्षण, जैविक खेती प्रणाली र जलवायु परिवर्तनका असरहरु न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

## परिच्छेद - ३

## अनुमतिपत्र, नवीकरण तथा खारेजी

६. **<u>सर्वेक्षण अनुमतिपत्रका लागि निवेदन सम्बन्धी व्यवस्था</u>**: (१) ऐनको दफा ५ बमोजिम खानेपानी, सरसफाइ सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन, तथा व्यवस्थापन गर्न वा गराउन चाहने सङ्गठित संस्थाले अनुमतिपत्रका लागि अनुसूची - १ मा तोकिएको दस्तुर सहित अनुसूची - २ को ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन दिँदा देहायका कागजात तथा विवरणहरु संलग्न गर्नु पर्नेछः-

(क) खानेपानी आयोजनाको क्षेत्र तथा पानीको मुहान वा स्रोत उल्लेख सहित मुहान वा स्रोतमा विवाद नभएको स्थानीय तहले सिफारिस गरेको कागजात,

(ख) खानेपानी आयोजनाको निर्माण, सञ्चालन र मर्मत सम्भारबाट लाभान्वित हुने कुल घरधुरी,

(ग) आयोजनाको सर्वेक्षण, सम्भाव्यता अध्ययन सम्पन्न गर्न लाग्ने अनुमानित समय र लागत,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) मूल्य अभिवृद्धि कर चुक्ता प्रमाणपत्र,

(च) अनुमतिपत्र प्राप्त गर्न चाहने संस्थाको दर्ता प्रमाणपत्र र नवीकरणको प्रतिलिपि ।

**<u>स्पष्टीकरण:</u>** यस नियमको प्रयोजनको लागि सर्वेक्षण भन्नाले आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन र तत्सम्बन्धी विस्तृत इन्जिनियरिङ डिजाइन, खाका वा रेखाङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

७. **<u>सर्वेक्षण निवेदन उपर जाँचबुझ सम्बन्धी व्यवस्था</u>**: (१) नियम ६ बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयमा रहेको प्राविधिक समितिले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन उपर जाँचबुझ गर्ने प्राविधिक समितिमा निम्नानुसारको सदस्यहरू रहनेछन्:-

(क) प्रमुख, खानेपानी तथा सरसफाइ महाशाखा - अध्यक्ष

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(ग) प्रमुख, सम्बन्धित खानेपानी तथा सरसफाइ कार्यालय - सदस्य

(घ) अधिकृत, कानून शाखा - सदस्य

(ङ) इन्जिनियर, खानेपानी तथा सरसफाइ शाखा -सदस्य सचिव

(३) प्राविधिक समितिले आवश्यक ठानेमा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) प्राविधिक समितिले प्राप्त निबेदन उपर जाँचबुझ गर्नको लागि न्यूनतम आधारहरू निम्नानुसार हुनेछः-

(क) सर्वेक्षण लागतको बीस प्रतिशत वा सो भन्दा बढी चालू पुँजी रहेको खुल्ने कागजात,

(ख) खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन वा अन्य पुर्वाधार क्षेत्रमा कम्तीमा प्रस्तावित आयोजनाको सर्वेक्षण लागत बराबरको एक वटा सर्वेक्षण सम्बन्धी कार्य अनुभव भएको,

(ग) वित्तीय आधार निर्धारण गर्न गत आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र वा कर दाखिला सम्बन्धी निस्सा वा प्रमाणित कागजात।

(४) प्राविधिक तथा वित्तीय क्षमता जाँचबुझ र मूल्याङ्कन गर्ने प्रयोजनको लागि मन्त्रालयले आवश्यक मापदण्ड तयार गर्न सक्नेछ ।

(५) प्राविधिक समितिले जाँचबुझ गर्दा थप कागजात वा विवरण आवश्यक पर्ने देखिएमा निवेदन परेको मितिले तीस दिन भित्र निवेदकलाई सो कुराको लिखित सूचना दिनु पर्नेछ । यसरी लिखित सूचना दिइएकोमा निवेदकले सो मितिले पन्ध्र दिनभित्र थप कागजात वा विवरण पेश गर्नु पर्नेछ।

(६) थप कागजात पेश गरेको मितिले पन्ध्र दिन भित्र समितिले मन्त्रालयको सचिव समक्ष सर्वेक्षण अनुमतिपत्रको लागि सिफारिस साथ मूल्याङ्कन प्रतिवेदन पेश गर्नेछ।

८. **<u>सर्वेक्षण अनुमतिपत्र दिने सम्बन्धी व्यवस्थाः</u>** (१) प्राविधिक समितिले गरेको सिफारिसको आधारमा मन्त्रालयको सचिवले सात दिनभित्र अनुमतिपत्र सम्बन्धी निर्णय गर्नु पर्ने र सो को जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(२) अनुमति प्राप्त गर्ने निवेदकलाई मन्त्रालयको सचिवले अनुसूची -३ बमोजिमको ढाँचामा सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ।

(३) सर्वेक्षण अनुमतिपत्रको समय अवधि अनुमतिपत्र जारी गरेको मितिले एक बर्षको हुनेछ ।

९. **<u>सर्वेक्षण प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u>** (१) नियम ८ बमोजिम सर्वेक्षण अनुमति प्राप्त संस्थाले अनुमतिपत्रको समयावधि भित्रै सर्वेक्षणको कार्य सम्पन्न गरी तीन प्रति अध्ययन प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अध्ययन प्रतिवेदनको बारेमा सुझाव भए सम्बन्धित स्थानीय तहले पन्ध्र दिन भित्र मन्त्रालयलाई लिखित जानकारी दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम पेश भएको प्रतिवेदनको बारेमा स्थानीय तहबाट आएका सुझाव सहित अध्ययन गरी प्राविधिक समितिले एक महिना भित्र आवश्यक सुधारका विषयहरू पहिचान गरी निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम जानकारी प्राप्त भएको मितिले दुई महिना भित्र निवेदकले आवश्यक सुधार सहित अन्तिम सर्वेक्षण प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ,

(५) सर्वेक्षणको प्रकृया पूरा गरेको पहिलो निवेदकले सर्वेक्षण प्रतिवेदन अनुमतिपत्र प्राप्त सेवा क्षेत्रमा आयोजना निर्माण तथा सञ्चालनको लागि बढीमा छ महिना भित्र निवेदन दिनु पर्नेछ ।

(६) उपनियम (५) मा उल्लेखित अवधि भित्र निवेदकले सर्वेक्षण प्रतिवेदन अनुरूप आयोजना निर्माण तथा सञ्चालन प्रयोजनको लागि निवेदन नदिएमा सर्वेक्षण अनुमतिपत्र रद्द गरिनेछ र सो सम्बन्धी अन्य सर्त अनुसुची -३ मा तोके अनुसार हुनेछ ।

(७) उपनियम (६) बमोजिमको अवस्थामा मन्त्रालयले आवश्यकता अनुसार आयोजनाको सर्वेक्षण, निर्माण तथा सञ्चालनको प्रयोजनको लागि नयाँ प्रकृया शुरु गर्न सक्नेछ।

१०. **आयोजना निर्माण तथा सञ्चालन अनुमति सम्बन्धी व्यवस्था**ः (१) नियम ९ बमोजिम अन्तिम सर्वेक्षण प्रतिवेदन बुझाएको छ महिना भित्र खानेपानी, सरसफाइ सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न चाहने निवेदकले अनुमतिपत्र प्राप्त गर्न अनुसूची -१ मा तोकिएको दस्तुर सहित अनुसूची -४ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा देहायका कागजात तथा विवरणहरु संलग्न गर्नु पर्नेछः-

(क) आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र कुल लागत,
(ख) वित्तीय क्षमता तथा लगानीको स्रोत खुल्ने परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र वा कर दाखिला कागजात,
(ग) अनुमतिपत्र प्राप्त गर्न चाहने संस्थाको दर्ता प्रमाणपत्र र नवीकरणको प्रतिलिपि,
(घ) निवेदकको लागत, प्रतिफल लगायत सेवा शुल्क खुल्ने व्यावसायिक योजना,
(ङ) आयोजनाको अध्ययन सर्वेक्षण प्रतिवेदन ।

११. **निवेदन उपर जाँचबुझ सम्बन्धी व्यवस्थाः** (१) नियम १० बमोजिम निवेदन प्राप्त भएमा प्राविधिक समितिले आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा थप कागजात वा विवरण आवश्यक भएमा निवेदन परेको मितिले तीस दिन भित्र निवेदकलाई सो कुराको लिखित सूचना दिनु पर्नेछ। यसरी लिखित सूचना दिइएकोमा सो मितिले पन्ध्र दिनभित्र माग गरिएका थप कागजात वा विवरण पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको लिखित सूचना बमोजिम निवेदकले थप कागजात वा विवरण पेश गरेको मितिलाई निवेदन परेको मिति मानिनेछ।

(३) निवेदकले पेश गरको आयोजनाको लागत, प्रतिफल तथा सेवा शुल्क खुल्ने व्यावसायिक योजना प्राविधिक समितिले ऐनको दफा २३ मा उल्लेखित महसुल निर्धारण समितिमा पठाउनु पर्नेछ ।

(४) महसुल निर्धारण समितिले सेवा शुल्क सहितको व्यावसायिक योजना स्वीकृत गरेपछि प्राविधिक समितिले अन्य विषयमा जाँचबुझ गर्नेछ ।

(५) प्राविधिक समितिले जाँचबुझ गर्ने न्यूनतम आधारहरू निम्नानुसार हुनेछः-

(क) आयोजना लागतको पच्चीस प्रतिशत वा सो भन्दा बढी चालु पुँजी खुल्ने कागजात,

(ख) खानेपानी, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन वा अन्य पूर्वाधार क्षेत्रमा कम्तीमा एक वटा आयोजनाको कार्य अनुभव खुल्ने कागजात,

(ग) अघिल्लो आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र वा कर दाखिला सम्बन्धी निस्सा वा प्रमाणित कागजात।

(६) प्राविधिक तथा वित्तीय क्षमता जाँचबुझ र मूल्याङ्कन प्रयोजनको लागि मन्त्रालयले आवश्यक मापदण्ड तयार गर्न सक्नेछ ।

१२. <u>**आयोजना निर्माण तथा सञ्चालन अनुमति सम्बन्धी व्यवस्थाः**</u> (१) प्राप्त निवेदन उपर नियम ११ बमोजिम आवश्यक जाँचबुझ गरी प्राविधिक समितिको सिफारिस वमोजिम मन्त्रालयको सचिवले निवेदकलाई आयोजना निर्माण तथा सञ्चालनको अनुमतिपत्र अनुसूची -५ बमोजिमको ढाँचामा दिनेछ।

(२) निवेदकले अनुमतिपत्र प्राप्त गरेपछि प्रचलित कानुन अनुसार वातावरणीय अध्ययन सम्पन्न गरी बढीमा एक वर्ष भित्र प्रतिवेदनको मस्यौदा मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको मितिले छ महिनाभित्र आयोजना निर्माण कार्य शुरू गरिसक्नु पर्नेछ।

(४) अनुमतिपत्र प्राप्त निवेदकले आयोजनाको निर्माण कार्य सम्पन्न गरेपछि सञ्चालनको अवधि ऐनको दफा ९ वमोजिम हुनेछ।

(५) उपनियम ३ बमोजिम निवेदकले निर्माण कार्य शुरू गर्न नसकेको अवस्थामा मनासिव कारण सहित अनुरोध गरेमा प्राविधिक समितिको सिफारिसमा मन्त्रालयको सचिवले बढीमा छ महिना म्याद थप गर्न सक्नेछ।

(६) अनुमतिपत्र प्राप्त सेवा प्रदायकले आयोजना निर्माण र सेवा प्रणालीको नियमित सेवा सञ्चालन गर्न सम्बन्धित कार्यालय र स्थानीय तहसँग समन्वय गर्नु पर्नेछ। सो कार्यको लागि सम्बन्धित कार्यालय र स्थानीय तहले सहजीकरण गर्नेछ।

१३. **थोक, ट्याङ्कर र बोतलबन्दी पानीको ब्यापार सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ५ वमोजिम थोक, ट्याङ्कर वा बोतलबन्दी खानेपानी सेवा उपलब्ध गराउन प्रचलित कानुन अनुसार अनुमति प्राप्त गर्ने र यस नियमावली प्रारम्भ हुनुभन्दा अघि अनुमतिपत्र प्राप्त गरेका सङ्गठित संस्थाले सोको लिखित जानकारी तीन महिना भित्र मन्त्रालय समक्ष दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुन आएका अनुमतिपत्र प्राप्त संस्थाको सूची तयार गरी मन्त्रालयले आफनो वेवसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमका खानेपानीको थोक, ट्याङ्कर वा बोतलबन्दीको ब्यापार गर्न अनुमति प्राप्त गरेका संस्थाले उपलब्ध गराएको खानेपानीको सेवा क्षेत्र, गुणस्तर, पर्याप्तता र विश्वसनीयता कायम गर्ने प्रयोजनको लागि कम्तीमा बर्षको एक पटक मन्त्रालयले अनुगमन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम अनुगमन गर्दा कुनै किसिमको कैफियत देखिएमा तत्काल सो को सुधारको लागि मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम दिएको निर्देशन पालना नगरेको खण्डमा मन्त्रालयले ऐनको दफा ३३ को उपदफा (२) मा उल्लेख भएअनुसारको जरिबाना गर्नेछ।

१४. **अनुमतिपत्रको नवीकरण सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ७ बमोजिम प्रदान गरिएको अनुमतिपत्रको म्याद थप वा नवीकरणका लागि देहायको अवधिभित्र अनुसूची - १ मा तोकिएको दस्तुर सहित अनुसूची -६ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछः-

(क) सर्वेक्षण अनुमतिपत्रको हकमा अनुमतिपत्रको म्याद समाप्त हुनुभन्दा एक महिना अगावै,

(ख) आयोजना निर्माण तथा सञ्चालन अनुमतिपत्रको हकमा अनुमतिपत्रको म्याद समाप्त हुनुभन्दा तीन महिना अगावै।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनमा म्याद थपको मनासिव कारण देखिएमा सर्वेक्षण अनुमतिपत्रको हकमा ऐनको दफा ८ को उपदफा (२) मा उल्लेख भए अनुसार नबढने गरी मन्त्रालयले म्याद थप गर्न सक्नेछ र आयोजना निर्माण तथा सञ्चालनको हकमा ऐनको दफा ९ को उपदफा (१) बमोजिम मन्त्रालयले नवीकरण गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम म्याद थप गर्दा एक पटकमा अनुमतिपत्रमा

उल्लिखित शुरूको सम्झौता अवधि भन्दा बढी नहुने गरी गर्नु पर्नेछ।

१५. **अनुमतिपत्र खारेजी सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ११ को उपदफा (१) र उपदफा (२) बमोजिम अनुमतिपत्रको खारेजी गर्दा देहायका प्रक्रियाहरु अवलम्बन गर्नु पर्नेछः-

(क) अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्राप्त संस्थासँग लिखित रुपमा सफाइ तथा स्पष्टीकरण माग गर्नु पर्नेछ,

(ख) खण्ड (क) बमोजिम सफाइ तथा स्पष्टीकरण माग गर्दा अनुमतिपत्र प्राप्त संस्था उपर लगाइएको आरोपहरु स्पष्ट र बुँदागत रुपमा उल्लेख गर्नु पर्नेछ,

(ग) प्राविधिक समितिले सफाई तथा स्पष्टीकरण र अनुमति पत्रका प्रावधानहरु अध्ययन गरी अनुमतिपत्र खारेज गर्नु पर्ने कारण सहित लिखित प्रतिवेदन तयार गरी मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ,

(घ) खण्ड (ग) बमोजिम समितिको सिफारिसको आधारमा मन्त्रालयको सचिवले सफाई तथा स्पष्टीकरण माग गरेको मितिले तीन महिना भित्र खारेजीको निर्णय गर्नु पर्नेछ,

(ङ) खण्ड (घ) बमोजिमको अनुमतिपत्र खारेज भएको सूचना मन्त्रालयको वेवसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र खारेज भएमा मन्त्रालयले आवश्यकताअनुसार आयोजनाको सर्वेक्षण, निर्माण तथा सञ्चालनको प्रयोजनको लागि नयाँ प्रकृया शुरू गर्न सक्नेछ ।

(३) आयोजना निर्माण तथा सञ्चालनको अनुमतिपत्र खारेज गर्दा उक्त आयोजनाले पुऱ्याएको सेवाको वैकल्पिक व्यवस्था मन्त्रालय वा सम्बन्धित स्थानीय तहले मिलाउनु पर्नेछ।

१६. **अलग अलग अनुमतिपत्र सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १२ बमोजिम खानेपानी सेवा, सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली सर्वेक्षण, खानेपानीको उत्पादन, प्रशोधन तथा प्रसारण कार्यको निर्माण तथा सञ्चालन र खानेपानी वितरण कार्यको निर्माण तथा सञ्चालन गर्न अलग अलग अनुमतिपत्र समेत प्रदान गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्न चाहने अनुमति प्राप्त संस्थाले सर्वेक्षण अनुमतिपत्रको हकमा नियम ६ बमोजिम र आयोजना निर्माण तथा सञ्चालनको हकमा नियम १० बमोजिमको प्रक्रिया पूरा गरी अलग अलग निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर प्राविधिक समितिले आवश्यक जाँचबुझ गरी उक्त समितिको सिफारिसमा मन्त्रालयले अलग अलग अनुमतिपत्र प्रदान

गर्न सक्नेछ।

(४) अलग अलग अनुमतिपत्रको लागि दस्तुर अनुसूची -१ मा उल्लेख भए अनुसार हुनेछ।

## परिच्छेद —४

## खानेपानी सेवा सञ्चालन

१७. **खानेपानीको धारा तथा मिटर जडान सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १५ बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्ताले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा सेवा प्रदायक समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमति प्राप्त संस्थाले तोके बमोजिम आवश्यक शुल्क लिई निवेदन प्राप्त भएको मितिले एक महिना भित्र खानेपानीको धारा तथा मिटर जडान गरिदिनु पर्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न नसकिने भएमा सेवा शुल्क सम्बन्धी अन्य व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ।

१८. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** ऐनको दफा १८ को उपदफा (२) बमोजिम कुनै व्यक्तिको घरजग्गामा प्रवेश गर्दा घरजग्गा धनीको कुनै सम्पत्तिमा हानि नोक्सानी गरेको पाइएमा प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

१९. **ढल व्यवस्थापन तथा सरसफाइ सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २० बमोजिम ढल व्यवस्थापन तथा सरसफाइ सेवाको सर्वेक्षण, निर्माण तथा सञ्चालन सम्बन्धमा नियम ६ र नियम १० बमोजिमको प्रकृया पूरा गरी गर्नु पर्नेछ।

(२) ढल व्यवस्थापन तथा सरसफाइ सेवा सर्वेक्षण, निर्माण तथा सञ्चालनको अनुमतिपत्रको लागि दस्तुर अनुसूची -१ मा उल्लेख भए अनुसार हुनेछ।

२०. **समन्वय समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा २२ को उपदफा (३) बमोजिम समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी तथ्याङक व्यवस्थापनको लागि सूचना व्यवस्थापन प्रणालीमा उपलब्ध तथ्याङ्कको विश्लेषण गर्ने तथा सो को सुधारको लागि आवश्यक सुझाव प्रदान गर्ने,

(ग) तीनै तहका सरकारबीच खानेपानी तथा सरसफाइ सम्बन्धी नीतिगत व्यवस्थाको लागि समन्वयको भूमिका निर्वाह गर्ने,

(घ) नीतिगत सुधारको लागि अन्तर मन्त्रालय साझेदारी र सहकार्य गर्ने ।

## परिच्छेद - ५

## महसुल तथा सेवा शुल्क

२१. **महसुल तथा सेवा शुल्क पुनरावलोकन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २३ बमोजिम उपभोक्तालाई खानेपानी तथा सरसफाइ सेवा बापतको महसुल तथा सेवा शुल्क पुनरावलोकनका लागि सेवा प्रदायकले महसुल निर्धारण समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनका सम्बन्धमा आवश्यक छानबिन तथा अध्ययन गरी महसुल निर्धारण समितिले महसुल तथा सेवा शुल्क पुनरावलोकन गर्नेछ।

२२. **महसुल निर्धारण समितिको काम, कर्तव्य तथा अधिकारः** ऐनको दफा २३ बमोजिमको महसुल निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खानेपानी तथा सरसफाइ सेवा र ढल प्रणालीको महसुल निर्धारण गर्ने,
(ख) थोक खानेपानीको खरिद बिक्रीको दर निर्धारण गर्ने,
(ग) प्राविधिक समितिले पेश गरेको निवेदकको व्यावसायिक योजना सम्बन्धमा आवश्यक निर्णय गर्ने,
(घ) स्थानीय तहलाई खानेपानी तथा सरसफाइ सेवा र ढल प्रणालीको महसुल निर्धारणको लागि आवश्यक सुझाव दिने।

२३. **महसुल निर्धारण सम्बन्धी व्यवस्थाः** खानेपानी तथा सरसफाइ सेवा उपभोग बापतको महसुल तथा शुल्क निर्धारण गर्दा ऐनको दफा २४ को अतिरिक्त देहाय बमोजिमका विषयलाई आधार लिनु पर्नेछः-

(क) पानीको उत्पादन, प्रशोधन, संकलन तथा वितरण प्रणालीको निर्माण तथा सञ्चालन खर्च,
(ख) फोहरमैला सक्कलन, व्यवस्थापन तथा ढल प्रणालीको निर्माण एवम् सञ्चालन खर्च,
(ग) साँवा व्याज भुक्तानी,
(घ) मर्मत सम्भार खर्च,
(ङ) मूल्यवृद्धि र सोमा हुने परिवर्तन,
(च) ह्रासकट्टीदर,
(च) जडित क्षमता शुल्क,
(छ) पानी उपयोगको प्रयोजन (घरेलु, व्यावसायिक र औद्योगिक),
(ज) खानेपानी सेवा सम्बन्धमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको महसुल सम्बन्धी नीति,
(झ) समितिले उपयुक्त देखेका अन्य विषय ।

२४. **महसुल, दस्तुर वा सेवा शुल्कमा सहुलियत सम्बन्धी व्यवस्थाः** ऐनको दफा २५ बमोजिम विपन्न घरपरिवारको लागि धारा जडान, शौचालय निर्माण र ढल जडान बापतको शुल्क तथा महसुलमा सहुलियत सम्बन्धमा प्रदेश सरकारले आवश्यक कार्यविधि बनाई व्यवस्थित गर्नेछ ।

२५. **प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३० बमोजिम प्रदेश स्तरीय प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धमा मन्त्रालयले आवश्यक मापदण्ड तयार गर्न सक्नेछ ।

(२) प्रदेशस्तरीय प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापन नहुन्जेलसम्म मन्त्रालयबाट हुने खानेपानी तथा फोहोरपानीको गुणस्तर मापन तथा परीक्षण गर्ने सम्बन्धमा प्रदेश भित्रका सरकारी शैक्षिक संस्था वा अन्य सरकारी निकायसँग सहकार्य गर्न सकिनेछ ।

(३) प्रदेशस्तरीय प्रयोगशालाले व्यावसायिक कार्य योजना तयार गरी उपभोक्ता, निजी क्षेत्र, विद्यालय तथा अन्य सरोकारवाला, स्वास्थ्य संस्था आदिको खानेपानी तथा फोहोरपानीको गुणस्तर मापन तथा परीक्षण लगायतका कार्य गरे वापत लागत र परिमाणका आधारमा सेवा शुल्क लिन सक्नेछ।

## परिच्छेद - ६

## सेवाको अनुगमन तथा निगरानी

२६. **सेवाको अनुगमन तथा निगरानी सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३२ को उपदफा (५) बमोजिम उपभोक्ता संस्था वा सेवाप्रदायकले खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर र खानेपानी तथा सरसफाइ संरचनाको नियमित अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ र आवश्यकता अनुसार नमूना परीक्षण गरी गुणस्तर कायम गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा उपभोक्ता संस्था वा सेवाप्रदायकले सेवाग्राहीलाई वितरण गरेको खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर स्वीकृत मापदण्ड अनुरुप भए नभएको यकिन गर्नु पर्नेछ ।

(३) गुणस्तर निगरानीको क्रममा वितरित खानेपानी स्वास्थ्यको दृष्टिकोणले असुरक्षित भएको र गुणस्तर स्वीकृत मापदण्ड भित्र नभएको अवस्थामा उक्त वितरित खानेपानीको गुणस्तर कायम गर्ने जिम्मेवारी उपभोक्ता संस्था वा सेवा प्रदायकको हुनेछ ।

(४) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षणका क्रममा ऐनको दफा ३१ बमोजिम तोकिएको निरीक्षकले खानेपानी तथा सरसफाइ सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा निजले सम्बन्धित कार्यालयलाई सो विषयमा लिखित प्रतिवेदन पेश गर्नु पर्नेछ र प्रतिवेदनका आधारमा केही सुधार गर्नु पर्ने देखिएमा

कार्यालयले सेवा सुधारको लागि सम्बन्धित उपभोक्ता संस्था वा सेवा प्रदायकलाई लिखित निर्देशन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम दिईएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा सेवा प्रदायकको कर्तव्य हुनेछ ।

(६) उपभोक्ता संस्था वा सेवाप्रदायकबाट वितरित खानेपानी तथा सरसफाइ सेवा स्वास्थ्यको दृष्टिकोणले सुरक्षित र जोखिमरहित भए नभएको यकिन गर्न मन्त्रालय र प्रदेशको स्वास्थ्य सम्बन्धी हेर्ने मन्त्रालय वा सो अन्तर्गतका कार्यालयले संयुक्त रूपमा आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ सेवाको गुणस्तर निगरानी गर्न सक्नेछ ।

## परिच्छेद - ७

## विविध

२७. **आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३८ को उपदफा (२) बमोजिम मन्त्रालयले खानेपानीको सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा आकाशे पानी सङ्कलनको लागि उपयुक्त विधि तथा प्रविधि प्रयोग गर्ने प्रयोजनको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने प्रयोजनको लागि मन्त्रालयले आवश्यक मापदण्ड बनाई लागु गर्नेछ।

२८. **उपभोक्ता संस्थाको गठन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३९ बमोजिम खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गरी त्यसबाट लाभान्वित हुने व्यक्तिहरुले उपभोक्ता संस्था गठन गर्नु पर्नेछ।

(२) खानेपानी तथा सरसफाइ आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने कम्तीमा दुई तिहाइ घरधुरीको प्रतिनिधित्व हुने आम भेलाबाट सातदेखि एघार सदस्य उपभोक्ता संस्था गठन गर्नु पर्नेछ। यसरी उपभोक्ता संस्था गठन गर्दा एक घरधुरीबाट एक जनाको मात्र प्रतिनिधित्व हुनु पर्नेछ।

(३) उपभोक्ता संस्था गठन सम्बन्धीत स्थानीय तहको प्रमुख वा निजले तोकेको जनप्रतिनिधिको उपस्थितिमा गर्नु पर्नेछ। यसरी समिति गठन गर्दा सम्बन्धित कार्यालयको प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ।

(४) कुनै आयोजना दुई वा दुई भन्दा बढी स्थानीय तहमा सञ्चालन हुने भएमा सम्बन्धित स्थानीय तहका प्रमुख वा निजले तोकेका जनप्रतिनिधिको उपस्थितिमा उपभोक्ता संस्था गठन गर्नु पर्नेछ ।

(५) उपभोक्ता संस्थामा कम्तीमा चालिस प्रतिशत महिला सदस्य हुनु पर्नेछ र संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला हुनु पर्नेछ।

(६) एक व्यक्ति एकैपटक एक भन्दा बढी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सदस्य हुन सक्ने छैन। एकै परिवारको एक जना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता संस्थाको सदस्य हुन सक्ने छैन।

(७) उपभोक्ता संस्था गठन गर्दा सर्वसम्मत तरिकाले गर्नु पर्नेछ। सर्वसम्मति हुन नसकेमा उपभोक्ताहरूको बहुमतबाट उपभोक्ता संस्था गठन गर्नु पर्नेछ ।

(८) आपसमा सेवा क्षेत्र जोडिएका दुई वा दुई भन्दा बढी उपभोक्ता संस्थाहरु व्यवस्थापकीय सुधारका उद्धेश्य सहित एक आपसमा गाभिन चाहेमा सम्बन्धित स्थानीय तहको स्वीकृति लिई एकीकृत उपभोक्ता संस्थाको गठन गर्न सकिनेछ।

(९) कुनै एक कार्यक्षेत्र/सेवाक्षेत्र तोकी गठन भएको खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यक्षेत्र वा सेवा क्षेत्र भित्र अर्को उपभोक्ता संस्थाको गठन गरी सेवाको दोहोरोपन गर्न पाइने छैन।

(१०) सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसार दुई वा सो भन्दा बढी उपभोक्ता संस्थालाई एकीकृत गरी एकीकृत उपभोक्ता संस्था मार्फत सेवा सञ्चालन गर्न सक्नेछ।

(११) उपभोक्ता संस्थाको गठन सम्बन्धी अन्य व्यवस्था स्थानीय तहको कानुन तथा उपभोक्ता संस्थाको स्वीकृत विधान अनुसार हुनेछ।

२९. **उपभोक्ता संस्थामा रहने पदाधिकारीको योग्यता सम्बन्धी व्यवस्था:** नियम २८ को उपनियम (१) बमोजिम गठन हुने संस्थाको पदाधिकारीको योग्यता देहाय बमोजिमको हुनु पर्नेछः-

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने क्षेत्र भित्र बसोबास गर्ने व्यक्ति,

(ख) अठार वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(घ) अन्य खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको पदाधिकारी नरहेको,

(ङ) सार्वजनिक पद धारण गरेको पदाधिकारी, सरकारी कर्मचारी वा शिक्षक, निर्माण व्यवसायी नरहेको।

३०. **उपभोक्ता संस्थाको बिधान सम्बन्धी व्यवस्था:** (१) उपभोक्ता संस्थाको आफ्नो बिधान हुनेछ।

(२) उपनियम (१) बमोजिमको विधानमा देहायका कुराहरु खुलाएको हुनु पर्नेछः-

(क) उद्देश्य,

(ख) सदस्यताको लागि योग्यता,
(ग) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने बिधि,
(घ) सदस्यताको अयोग्यता,
(ङ) साधारण सभाको गठन,
(च) साधारण सभाको अधिवेशन.
(छ) साधारण सभाको काम, कर्तव्य र अधिकार,
(ज) कार्य समितिको गठन,
(झ) कार्य समितिको बैठक,
(ञ) कार्य समितिको काम, कर्तब्य र अधिकार
(ट) पदाधिकारीहरुको काम कर्तव्य र अधिकार,
(ठ) निर्वाचन सम्वन्धी व्यवस्था,
(ड) अविश्वासको प्रस्ताव,
(ढ) सेवा सञ्चालक नियुक्तिको व्यवस्था,
(ण) आर्थिक श्रोत,
(त) चल तथा अचल सम्पत्तीको विवरण,
(थ) कोष सञ्चालन,
(द) लेखापरीक्षण र सार्वजनिक परीक्षण,
(ध) विधानमा संशोधन,
(न) विनियम बनाउन सक्ने,
(प) खानेपानीको श्रोत, खानेपानी र सरसफाइको सेवा क्षेत्र, सरसफाइको निकास र बिसर्जन क्षेत्र ।

(३) उपभोक्ता संस्थाको विधान सम्बन्धी अन्य व्यवस्था सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ ।

**३१. <u>उपभोक्ता संस्था दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) उपभोक्ता संस्था दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नियम २८ बमोजिम गठन भएका उपभोक्ता संस्थालाई सम्बन्धित स्थानीय तहले आयोजनाको सञ्चालन तथा मर्मत सम्भार गर्नको लागि जिम्मेवार बनाई नियमन तथा ब्यवस्थापन गर्न सक्नेछ।

**३२. <u>उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकारः</u>** उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खानेपानी तथा सरसफाइ प्रणालीबाट उपभोक्तालाई नियमित रूपमा गुणस्तरीय खानेपानीको आपुर्ति सुनिश्चित गर्ने र मापदण्ड बमोजिमको गुणस्तर भए नभएको नियमित अनुगमन गर्ने,

(ख) उपभोक्ता संस्थाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन संस्थाका सदस्यको कार्य विभाजन र जिम्मेवारी बाँडफाँट गर्ने,

(ग) खानेपानी तथा सरसफाइ प्रणाली र आयोजनाको मर्मत सम्भार, रेखदेख लगायत दिगो व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने,

(घ) उपभोक्ताले सेवा उपयोग गरे वापत तिर्नुपर्ने सेवा शुल्क नियमित रूपमा उठाउने र सो रकम मर्मत संम्भार कोषका रूपमा उपभोक्ता संस्थाको अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये दुई जना पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी कम्तीमा "ख" श्रेणीको बैंकमा खाता खोल्नुपर्ने,

(ङ) मर्मत संम्भार कोषमा जम्मा गरेको रकम खर्च गर्दा बढीमा दस प्रतिशत रकम कार्यलय सञ्चालनमा खर्च गर्न सकिनेछ र बाँकी रकम संस्थाको स्वीकृत विधानको अधिनमा रही खानेपानी तथा सरसफाइ प्रणालीको नियमित सञ्चालन, व्यवस्थापन, मर्मत तथा सुधारका लागि खर्च गर्नु पर्नेछ र आर्थिक बर्षको अन्तमा कम्तीमा वीस प्रतिशत रकम मर्मत संम्भार कोषमा बचत हुनु पर्नेछ ।

(च) प्राकृतिक विपदको कारण प्रणालीमा क्षति पुग्न गएमा खानेपानी तथा सरसफाइ सेवा सुचारू गर्नको लागि अधिकतम रूपमा आन्तरिक स्रोतको उपयोग गर्ने र कावु बाहिरको अवस्थामा मर्मत संभार गरी सेवा सुचारू गर्नको लागि सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(छ) प्रणालीको निर्माण, मर्मत सम्भार तथा सञ्चालन गर्दा प्राविधिक सेवाको लागि आवश्यकता अनुसार कार्यालय र स्थानीय तहसँग समन्वय गर्ने,

(ज) उपभोक्तालाई सम्बन्धित कार्यालय र स्थानीय तहबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने र उपभोक्ता संस्थाका सदस्यलाई क्षमता विकासको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(झ) उपभोक्ताको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धित स्थानीय तह र संस्थाको बिधानमा उल्लेख भए बमोजिम हुनेछ ।

३३. **खानेपानी प्रणाली एकीकरण सम्बन्धी व्यवस्था:** कार्यालय, सम्बन्धित स्थानीय तह र उपभोक्ता संस्थाको समन्वयमा मौजुदा खानेपानी आयोजनाको प्राविधिक पक्षको विश्लेषण गरी, प्रभावकारी र उच्चतम प्रतिफल हासिल गर्ने उद्देश्यले विभिन्न खानेपानी प्रणाली एकीकृत गरी सेवा सञ्चालन गर्न सकिनेछ।

३४. **सुरक्षित खानेपानीयुक्त समुदाय सम्बन्धी व्यवस्था:** मन्त्रालयले खानेपानी सेवाको दिगोपन र पूर्ण सरसफाइ कायम गर्न समुदायस्तरीय सुरक्षित खानेपानीयुक्त समुदाय

मापदण्ड तयार गरी लागु गर्न सक्नेछ।

**३५.** **खानेपानी बोर्ड गठन र सञ्चालन सम्बन्धी व्यवस्थाः** खानेपानी बोर्ड गठन र सञ्चालन सम्बन्धी ब्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

**३६.** **खानेपानी, सरसफाइ तथा स्वच्छता विद्युतीय सूचना ब्यवस्थापन प्रणाली सम्बन्धी व्यवस्थाः** (१) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी तथ्याङ्क ब्यवस्थापन गर्न मन्त्रालयले विद्युतीय सूचना प्रणाली सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम विद्युतीय सूचना ब्यवस्थापन प्रणाली मन्त्रालय आफैले निर्माण गरी सञ्चालन गर्न वा नेपाल सरकारले सञ्चालन गरेको विद्युतीय सूचना प्रणालीको प्रयोग गर्न सक्नेछ ।

(३) विद्युतीय सूचना प्रणालीको प्रयोग गरी एकीकृत खानेपानी तथा सरसफाइ योजना तयार गर्न मन्त्रालयले नेपाल सरकार र स्थानीय तहसँग समन्वय र साझेदारी गर्न सक्नेछ।

(४) विद्युतीय प्रणालीमा खानेपानी ,सरसफाइ तथा स्वच्छता तथ्याङ्क व्यवस्थित गरी अभिलेखीकरण गर्ने प्रयोजनको लागि मन्त्रालयले आवश्यक मापदण्ड तयार गरी लागु गर्न सक्नेछ।

**३७.** **साझेदारी सम्बन्धी व्यवस्था:** प्रदेशभित्र रहेका खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा मर्मत संम्भार गर्न प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले आ आफनो कार्यक्षेत्र भित्र रहेर निजी क्षेत्र, विकास साझेदार, गैर सरकारी संस्था लगायतसँग साझेदारी गर्न गराउन सक्नेछ ।

अनुसूची - १

(नियम ६ (१), नियम १० (१), नियम १५ (१), नियम १७ (४) र नियम १९ (२) सँग सम्बन्धित)

**अनुमतिपत्र दस्तुर शुल्क र नवीकरण**

| क.सं. | कार्यको प्रकार | दस्तुर/शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी आयोजना वा प्रणालीको सर्वेक्षण अनुमतिपत्र | पचास हजार | |
| २ | खानेपानी आयोजना वा प्रणालीको निर्माण तथा सञ्चालन अनुमतिपत्र | पाँच लाख | |
| ३ | खानेपानीको उत्पादन, प्रशोधन तथा प्रसारण कार्यको निर्माण तथा सञ्चालन अनुमतिपत्र | तीन लाख | |
| ४ | खानेपानी वितरण कार्यको निर्माण तथा सञ्चालन अनुमतिपत्र | तीन लाख | |
| ५ | ढल व्यवस्थापन तथा सरसफाइ कार्यको सर्वेक्षण अनुमतिपत्र, | पचास हजार | |
| ६ | ढल व्यवस्थापन तथा सरसफाइ कार्यको निर्माण तथा सञ्चालनको अनुमतिपत्र | तीन लाख | |
| ७ | अनुमतिपत्र नवीकरण वा म्याद थप | सर्वेक्षणको हकमा दश हजार, निर्माण तथा सञ्चालनको हकमा एक लाख | |

अनुसूची - २

(नियम ६ (१) सँग सम्बन्धित)

**सर्वेक्षण अनुमतिपत्रको निवेदनको ढाँचा**

श्रीमान सचिवज्यू
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय,
गण्डकी प्रदेश।

विषयः सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा।

खानेपानी आयोजना वा प्रणालीको सर्वेक्षण गर्ने अनुमतिका लागि गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ५ तथा गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८२ को नियम ६ बमोजिम देहायका विवरण खुलाइ यो निवेदन पेश गरेको छु ।

१. सर्वेक्षण गर्न चाहेको खानेपानी/सरसफाइ आयोजना/प्रणालीको नाम र ठेगानाः

२. सर्वेक्षण गरिने क्षेत्रः

(क) जिल्लाः

(ख) स्थानीय तहः

(ग) पूर्वः पश्चिमः
उत्तरः दक्षिणः

३. लाभान्वित घरधुरीः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित रकमः (रु.................................)

५. सर्वेक्षण अवधिः

६. खानेपानी आयोजना वा प्रणालीको सर्वेक्षण गर्न चाहने सङ्गठित संस्थाको पूरा नाम र ठेगानाः

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहने बुझाउँनेछु।

निवेदक
नामः
सही :
पद :
सम्पर्क नम्बर :
मितिः
सङ्गठित संस्थाको आधिकारिक छापः

अनुसूची - ३

(नियम ८ (१) सँग सम्बन्धित)

**<u>सर्वेक्षण अनुमतिपत्रको ढाँचा</u>**

श्री.............................

खानेपानी आयोजनाको सर्वेक्षणको अनुमति पाउन त्यस संस्थाले मिति............मा दिएको निवेदन बमोजिम देहायका विवरणहरु खोली गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ र गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८२ को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. सर्वेक्षण गर्ने संस्थाको पूरा नाम तथा ठेगानाः

२. पानीको स्रोत तथा मुहान :

३. पानीको परिमाण :

४. सर्वेक्षण क्षेत्र :

(क) जिल्ला :

(ख) स्थानीय तह :

(ग) पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

५. अनुमतिपत्र बहाल रहने अवधि

मिति..................देखि ............... सम्म ।

६. अन्य सर्तहरू

(क) नियम ९ उपनियम (६) बमोजिम सर्बेक्षण अनुमतिपत्र रद्द भएको अवस्थामा मन्त्रालयलाई प्राप्त भएको अध्ययन सर्वेक्षण प्रतिवेदनमा निवेदकले हक दावी गर्न पाउने छैन ।

(ख) अध्ययन सर्वेक्षण प्रतिवेदन मन्त्रालयले निशुल्क उपयोग गर्न सक्नेछ ।

अनुमतिपत्र दिने अधिकारीको

सहीः

नामः

पदः

मितिः

अनुसूची - ४

(नियम १० (१) सँग सम्बन्धित)

**खानेपानी आयोजना निर्माण तथा सञ्चालन अनुमतिपत्रको निवेदनको ढाँचा**

श्रीमान सचिवज्यू

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय,

गण्डकी प्रदेश।

विषयः खानेपानी आयोजना निर्माण तथा सञ्चालन अनुमतिपत्रको निवेदन।

खानेपानी आयोजना वा प्रणालीको निर्माण तथा सञ्चालन अनुमतिका लागि गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ तथा गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८२ को नियम १० बमोजिम देहायका विवरण खुलाइ यो निवेदन पेश गरेको छु ।

१. निर्माण तथा सञ्चालन गर्न चाहेको खानेपानी/सरसफाइ आयोजना/प्रणालीको नाम र ठेगाना:

२. निर्माण तथा सञ्चालन गरिने क्षेत्रः

(क) जिल्लाः

(ख) स्थानीय तहः

(ग) पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

३. लाभान्वित घरधुरीः

४. आयोजना वा प्रणालीको निर्माण तथा सञ्चालन गर्न लाग्ने अनुमानित रकमः (रु.............)

५. आयोजना वा प्रणालीको निर्माण तथा सञ्चालन अवधिः

६. आयोजना वा प्रणालीको निर्माण तथा सञ्चालन गर्न चाहने सङ्गठित संस्थाको पूरा नाम र ठेगानाः

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहने बुझाउनेछु।

निवेदक

नामः

सही :

पद :

सम्पर्क नम्बर :

मितिः

सङ्गठित संस्थाको आधिकारिक छापः

अनुसूची - ५

(नियम १२ (१) सँग सम्बन्धित)

**खानेपानी आयोजना निर्माण तथा सञ्चालनको अनुमतिपत्रको ढाँचा**

श्री.......................................

खानेपानी आयोजना निर्माण तथा सञ्चालनको अनुमति पाउन त्यस संस्थाले मिति... .........................मा दिएको निवेदन बमोजिम देहायका विवरणहरु खोली गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ र गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८२ को नियम १२ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. खानेपानी आयोजना निर्माण तथा सञ्चालनको संस्थाको पूरा नाम तथा ठेगानाः

२. पानीको स्रोत तथा मुहानः

३ पानीको परिमाणः

४. आयोजना निर्माण तथा सञ्चालन क्षेत्रः

(क) जिल्लाः

(ख) स्थानीय तहः

(ग) पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

५. अनुमतिपत्र बहाल रहने अवधि

मिति..................देखि.........................सम्म ।

अनुमतिपत्र दिने अधिकारीको,

सहीः

नामः

पदः

मितिः

अनुसूची- ६

(नियम १५ सँग सम्बन्धित)

**अनुमतिपत्रको म्याद थप वा नवीकरणको निवेदनको ढाँचा**

श्रीमान सचिवज्यू

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय,

गण्डकी प्रदेश।

तहाँ मन्त्रालयबाट मिति.........जारी भएको अनुमतिपत्रको म्याद थप वा नवीकरणका लागि गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा तथा गण्डकी प्रदेश खानेपानी तथा सरसफाइ नियमावली, २०८२ को नियम १५ बमोजिम देहायका विवरण खुलाइ यो निवेदन पेश गरेको छु।

१. अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाको पूरा नाम र ठेगानाः

२. अनुमतिपत्र संख्या र जारी मितिः

३. अनुपत्रको म्याद थपको अवधिः

४. लाभान्वित घरधुरीः

५. अनुमतिपत्र बहाल रहने अवधिः

६. म्याद थपका लागि पेस गरेका कागजात :

(क)..................................................................

(ख)..................................................................

(ग)..................................................................

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहने बुझाउनेछु।

निवेदकको नामः

सही :

नाम :

मितिः

संस्थाको छाप :

आज्ञाले,

डा. राजन भट्टराई

प्रदेश सरकारको सचिव